नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०७६ साल चैत्र २ गते आइतवारका दिन पर्यटन पूर्वाधार एवम् पर्यटकीय उपज विकास साथै आगामी वर्षको नीति, कार्यक्रम तथा बजेटका लागि संघ, प्रदेश तथा स्थानीय तहबीचको साझेदारीका सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सवै प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री एवम् सचिव तथा महानगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरुसंगको छलफल कार्यक्रम यस मन्त्रालयमा सम्पन्न भयो।

दीगो विकासका लक्ष्य, नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५, चालु पन्ध्रौं योजना, प्रस्तावित पर्यटन दशक, २०२०-२०३०, प्रदेश सरकार तथा स्थानीय तहका प्राथमिकताका आयोजना समेतका आधारमा सहकार्यका विविध पक्षमा मन्त्रालय र सातै प्रदेशको तर्फबाट प्रस्तुतिकरण भयो।

यस कार्यक्रमको शुरुवातमा यसको उद्देश्यमाथि प्रकाश पार्दै मन्त्रालयका सचिव श्री केदार बहादुर अधिकारीले पर्यटन क्षेत्रको एकीकृत विकासको लागि अवलम्बन गर्न सकिने उपायहरुको बारेमा चर्चा गर्नुभएको थियो।

नेपालको समग्र पर्यटन क्षेत्रको विकास, पन्ध्रौं योजनाले यस क्षेत्रमा लिएको लक्ष्य तथा रणनीतिबारे राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फुयाँलले प्रकाश पार्नुभएको थियो। मन्त्रालयका तर्फबाट आगामी आ.व. मा अवलम्बन गर्न सकिने साझेदारीको ढाँचा, कार्यक्रम र परियोजनाको प्रस्तुति गरिएको थियो। सबै प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवहरुले सम्बन्धित प्रदेशको पर्यटन क्षेत्रको सम्भावना, साझेदारीका परियोजना र भावी कार्यक्रमको प्रस्तुति गर्नुभएको थियो।

कार्यक्रममा माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूहरु मा. नन्द बहादुर बुढा, मा. लिला गिरि, मा. विकास लम्साल, मा. अरुण प्रसाद नेपाल, मा. राम नरेश राय, मा. जगदीश प्रसाद कुसियैतले मन्तव्य व्यक्त गर्नुभएको थियो। वहाँहरुले यस मन्त्रालयबाट भएको समन्वयात्मक गोष्ठीबाट सकारात्मक प्रभाव पर्ने, बजेट तर्जुमा गर्नुअघि भएका यस्ता कार्यक्रम भावी योजना बनाउन अत्यन्त उपयोगी हुने धारणा सहित धन्यवाद दिनुभयो।

यस कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश भट्टराईज्यूले **समृद्ध नेपाल सुखी नेपाली**को वर्तमान सरकारको लक्ष्य प्राप्त गर्न पर्यटन क्षेत्रको विकास आवश्यक भएको उल्लेख गर्दै प्रदेश सरकारसंगको सहकार्यमा सवै प्रदेशमा कम्तिमा एक/एक वटा ठूला पर्यटकीय उपजको विकासको कार्यक्रम ल्याइने वताउनुभयो। वहाँले हरेक प्रदेशमा पर्यटकीय सूचना केन्द्र बनाउनु पर्ने, पर्यटकलाई दिइने सेवा सुविधा बृद्धि गर्नुपर्ने, अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन संघीय सरकारले गर्ने र प्रदेश सरकारले विशेष रुपमा आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने धारणा राख्नुभयो। साथै, यस मन्त्रालय र अन्तर्गतका निकायहरुबाट दुईदिने कार्यशालाबाट तयार गरिएका आगामी कार्यक्रम र परियोजनामा आजको छलफल समेतबाट थप परिस्कृत गर्दै आगामी आ.व. मा अगाडि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्दै सन् २०२० देखि २०३० सम्म पर्यटन दशक मनाउँदै पर्यटकीय पहुँच, पूर्वाधार तथा उपज विकास, पर्यटन प्रवर्द्धन र गुणस्तर विकासमा केन्द्रित हुनुपर्ने आवश्यकता औल्याउनुभयो।

मितिः २०७६।१२।०२

रुद्रसिंह तामाङ
सहसचिव एवम् प्रवक्ता